# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक २८६ | काठमाडौं | बुधबार, ३ फागुन २०७९ | Prabhab National Daily | Wednesday, February 15, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## सरकार र यातायात मजदुरबीच सहमति

- उच्चस्तरीय कार्यदल मार्फत यातायात क्षेत्रको समस्या समाधान गरिने
- आन्दोलनका सम्पूर्ण कार्यक्रम स्थगित
- १० करोड बराबरको मोबाइल चोरी भएको व्यवसायी दाबी
- मोबाइल चोरीमा संलग्न चार जना पक्राउ, अन्यको खोजी हुँदै

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** यातायात क्षेत्रमा देखिएको समस्या समाधानका लागि बनेको उच्चस्तरीय कार्यदलले यातायात व्यवसायी र यातायात मजदुरको समस्याबारे साझा धारणा लिएर अगाडि बढ्ने निर्णय गरेको छ। मंगलबार यातायात व्यवस्था विभागका महानिर्देशक तुलसीनाथ गौतमको संयोजकत्वमा बसेको बैठकमा तत्काल सम्बोधन गर्ने र दीर्घकालीनरूपमा सम्बोधन गर्नसक्ने मागपत्रको बारेमा सूचीकरण गरेर अगाडि बढ्ने सहमति भएको हो।

नेपाल यातायात मजदुर संघका महासचिव नुरनाथ पन्तले बैठकमा यातायात क्षेत्रमा देखिएको समस्या तत्काल सम्बोधन गर्न सकिने र दीर्घकालीनरूपमा गर्न सकिने बारेमा यातायात व्यवसायी र यातायात मजदुरबीच साझा धारणा बनाएर बिहीबार बस्ने कार्यदलको बैठकमा पेस गर्ने निर्णय भएको जानकारी दिए।

'भोलि (बुधबार) बेलुकासम्म यातायात व्यवसायी र मजदुर संघ, संगठन मिलेर यातायात क्षेत्रमा देखिएका समस्याबारे साझा धारणा बनाउने र पर्सी (बिहीबार) यातायात व्यवस्था विभागमा बस्ने कार्यदलको बैठकमा पेस गर्ने निर्णय भएको छ,' उनले मंगलबारको बैठकपछि भने।

यसअघि मंगलबार बिहान यातायात मजदुरले गरेको आन्दोलनका विषयलाई लिएर सरकार, यातायात व्यवसायी र यातायात मजदुरबीच सिंहदरबारमा वार्ता भएको थियो। उपप्रधान एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठको संयोजकत्वमा मंगलबार बिहान बसेको बैठकले यातायात मन्त्रालयले बनाएको उच्चस्तरीय कार्यदलमार्फत यातायात क्षेत्रका समस्या समाधान गर्ने निर्णय गरेको थियो। उक्त निर्णयसँगै आन्दोलनका सम्पूर्ण कार्यक्रम स्थगित गर्न यातायात मजदुर र व्यवसायी सहमत भएका थिए। सोही निर्णयका आधारमा दिउँसो उच्चस्तरीय कार्यदलको बैठक बसेर थप निर्णय गरेको हो।

यातायात मजदुरको आन्दोलनका कारण सोमबार बालाजु क्षेत्र तनावग्रस्त बनेको थियो। आन्दोलनकारीले दुईवटा प्रहरी भ्यान र अस्थायी प्रहरी बिटमा आगजनी गरेका थिए। दोहोरो झडपका क्रममा २० प्रहरी र केही आन्दोलनकारी घाइते भएका थिए।

आन्दोलनकै क्रममा सोमबार साँझ नै नयाँ बसपार्कस्थित ल्होत्से मलमा तोडफोड गर्नुका साथै मोबाइल पसलबाट करोडौंको मोबाइल चोरी गरेका भिडियो सार्वजनिक भएको थियो। सिसिटिभी फुटेज तथा सर्वसाधारणले खिचेका भिडियो सामाजिक सञ्जालमा अहिले भाइरल (बाँकी पृष्ठ २ मा)

# निर्मला बेपत्ता, आरोपी संसद्मा



बादशाह कुर्मीले निर्मला कुर्मीलाई समातेर लैजाँदै गरेको फाइल तस्बिर।





प्रधानमन्त्री पुष्पकमल दाहाललाई मागपत्र बुझाउँदै र गृहसचिव विनोदप्रकाश सिंहसँग मंगलबार सम्झौतापत्र आदानप्रदान गर्दै आन्दोलनरत महिला अधिकारकर्मी रूबी खानलगायत।

- २०६२ मा श्रीमान्को मृत्यु
- २०६६ को कात्तिक अन्तिममा दुई छोराको अस्वाभाविक मृत्यु
- छोराहरूको शव हेर्न छिमेकी बादशाह कुर्मीले दिएनन्
- निर्मला, श्रीमान् माहलु र छोराको नागरिकता र जग्गाको लालपुर्जा बादशाहले लुटाएको र कुटपिट गराएको
- १८ माघ २०६६ मा नेपाल मुस्लिम समाज विकास चेतना केन्द्र बाँकेमा उजुरी
- उजुरीपछि निर्मला बेपत्ता
- २०७५ सालमा अपहरण गरेर शरीर बन्धक गरी बादशाहले कुटपिट गरेको अडियो सार्वजनिक
- महिला र महिला अधिकारकर्मीहरूद्वारा खोजबिन
- बाँके प्रहरीमा उजुरी, भारतमा बिहे गरेको र उतै १४ चैत २०७६ मृत्यु भएको पत्र सार्वजनिक
- १४ कात्तिक २०७८ मा सहसचिव हिरालाल रेग्मी नेतृत्वको समितिद्वारा बादशाहसहित ८ जनामाथि मुद्दा चलाउन सिफारिस
- २० पुस २०७८ मा सिआइबीमार्फत् अनुसन्धान गर्न निर्देशन
- २ फागुन २०७९ मा विशेष अनुसन्धान टोली गठन गर्ने सहमति

■ **जेबी योञ्जन**

**काठमाडौं–** माहलु कुर्मीको ०६२ सालमा मृत्यु भयो। श्रीमती निर्मला अर्धबैंसे थिइन्। विधुवा भइन्। अनि, नामअघि थपियो- 'एकल महिला'। घरचाहिँ बाँकेको नेपालगञ्ज- १७ परसपुर।

त्यसबेला छोराहरू रामसागर (१८) र कृष्ण (१४) कलिलै थिए। उनीहरूको उज्ज्वल भविष्यको रेखा कोरिदिने जिम्मा निर्मलाकै काँधमा आयो। छिमेकी बादशाह कुर्मीचाहिँ संविधानसभा सदस्य भइसकेका थिए।

निर्मला दुई छोराको अनुहार हेरेर चित्त बुझाउँथिन्। पति वियोगलाई भुल्ने प्रयास गर्थिन्। र, छोराहरूलाई भविष्यको भरपर्दो सहारा सोच्थिन्।

२०६६ को कात्तिक अन्तिम साता। मौसम चिसिँदै थियो। तराईमा छठको रौनक सुरू भइसकेको थियो। करिब एक साताको अन्तरमा दुवै छोरा अस्वाभाविकरूपमा बिरामी परे। एकपछि अर्को गरी दुवैको मृत्यु भयो।

निर्मला विक्षिप्त भइन्। पति वियोगमात्रै होइन, पुत्र वियोगमा पनि परिन्। जीवनमा आशाका किरणहरूको अन्त्य भयो। तैपनि, निर्मला दिवंगत दुवै छोरालाई अन्तिम समयमा हेर्न चाहन्थिन्। हेर्न दिइएन। नदिनेमा बादशाह नै थिए। खेतको आलीमा दुवैको सद्गद् भयो। घरमै बसेर चिताबाट धुवाँको मुस्लो आएको हेरिरहिन् निर्मला। उनलाई पीडाको पहाडले थिच्यो।

तर, त्यसबेलै घटनाबारे भने उनको ठहर भयो- 'छोराहरूको मृत्यु शंकास्पद हो। कतै न कतै बादशाहको हात हुनुपर्छ।'

कारण, बादशाह पाँच विघाभन्दा बढी निर्मलाको जग्गा हडप्ने षडचन्त्रमा थिए। षडचन्त्रका तानाबाना बुनिरहेका थिए। जहाँको एक कट्ठा जग्गाको मूल्य कम्तीमा एक करोड पर्छ। (बाँकी पृष्ठ ५ मा)

## तीन बुँदे सहमतिपछि आन्दोलन स्थगित

**काठमाडौं (प्रस)-** निर्मला कुर्मीको न्याय माग्दै आन्दोलन गरेका महिला अधिकारकर्मीहरू र सरकारबीच तीन बुँदे सहमति भएको छ। मंगलबार भएको सहमतिसँगै ४८ दिन लामो आन्दोलन स्थगित भएको छ।

सहमतिअनुसार गृह मन्त्रालयले विशेष अनुसन्धान टोली खटाउन प्रहरी प्रधान कार्यालयलाई निर्देशनपत्र पठाउने मन्त्रालयका उपसचिव सूचना अधिकारी दिलकुमार तामाङले बताए। 'नेपाल प्रहरीलाई सहमतिअनुसार विशेष अनुसन्धान टोली आजै खटाउन निर्देश गर्छौं,' तामाङले भने, 'सम्भवतः आजै विशेष अनुसन्धान टोली पनि गठन हुन्छ। टोलीले घटनाको संवेदनशील भएर अनुसन्धान गर्नेछ।'

मंगलबार बिहान प्रधानमन्त्री पुष्पकमल दाहालले आन्दोलनरत महिलाहरूसँग छलफल गरेका थिए। त्यसपछि गृहसचिव विनोदप्रकाश सिंह र प्रहरी महानिरीक्षक धिरजप्रताप सिंहलाई बोलाएर मुद्दामा विशेष अनुसन्धान टोली गठन गरी न्यायिक प्रक्रियामा अघि बढाउन निर्देशन दिएका थिए। (बाँकी पृष्ठ २ मा)

सन्दर्भ : वैदेशिक रोजगार

## जापानमा आप्रवासी कामदारमध्ये साढे ६ प्रतिशत नेपाली

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** जापानको श्रमबजारमा आप्रवासी कामदारको रूपमा नेपालीहरूले साढे छ प्रतिशत हिस्सा ओगटेको तथ्यांक सार्वजनिक भएको छ। जापानको श्रम, स्वास्थ्य तथा कल्याण मन्त्रालयले भर्खरै सार्वजनिक गरेको तथ्यांकअनुसार त्यहाँ एक लाख १८ हजार १९६ जना नेपाली कामदार रहेको तथ्यांकमा उल्लेख छ। यो समग्र आप्रवासी कामदारको ६.५ प्रतिशत हो। जापानमा कूल १८ लाख २२ हजार ७२५ आप्रवासी कामदार रहेको तथ्यांक छ।

जापानलाई आप्रवासी कामदार उपलब्ध गराउने देशहरूमध्ये नेपाल चौथो स्थानमा रहेको त्यहाँको मन्त्रालयले जनाएको छ। सबैभन्दा बढी कामदार उपलब्ध गराउने मुलुक अर्थात् पहिलो नम्बरमा भने भियतनाम रहेको तथ्यांकमा उल्लेख गरिएको छ। भियतनामबाट चार लाख ६२ हजार ३८४ जना जापानमा काम गरिरहेको जनाइएको छ। यसले जसअनुसार जापानको श्रमबजारमा भियतनामीले २५.४ प्रतिशत हिस्सा ओगटेको देखिन्छ।

त्यसैगरी जापानलाई आप्रवासी कामदार उपलब्ध गराउनेमा चीन दोस्रो र फिलिपिन्स तेस्रो स्थानमा रहेका छन्। चीनले तीन लाख ८५ हजार ८४८ अर्थात् २१.२ प्रतिशत हिस्सा ओगटेको छ भने फिलिपिन्सले दुई लाख छ हजार ५० अर्थात् ११.३ प्रतिशत कामदारको हिस्सा ओगटेको मन्त्रालयको तथ्यांकमा समेटिएको छ। जापानमा सबैभन्दा थोरै आप्रवासी कामदार पेरुबाट उपलब्ध भएको बताइएको छ। पेरुका ३१ हजार २६३ अर्थात् १.७ प्रतिशत नागरिक श्रमबजारमा काम गरिरहेको मन्त्रालयले उल्लेख गरेको छ।

मन्त्रालयले सार्वजनिक गरेको विवरणअनुसार 'पार्ट टाइम' काम गर्नेहरूको संख्यासमेत तथ्यांकमा समावेश गरिएको छ। जापानको श्रमबजारमा पिआरधारी, जापानी नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेका र उनीहरूका परिवारिक सदस्य श्रमबजारमा सबैभन्दा ठूलो संख्यामा रहेको उल्लेख छ। त्यस्ता कामदारको संख्या पाँच लाख ९५ हजार २०७ अर्थात् ३२.७ प्रतिशत रहेको मन्त्रालयको तथ्यांकले देखाएको छ।

वर्किङ भिसामा चार लाख ७९ हजार ९४९, विशिष्ट क्षेत्रमा ७३ हजार ३६३, ट्रेनिङ (प्रशिक्षार्थी) भिसामा तीन लाख ४३ हजार २५४ र निश्चित स्टाटस नतोकिएका (विद्यार्थी तथा डिपेन्डेण्ट भिसावाहक) तीन लाख ३० हजार ९१० जना आप्रवासी रहेको तथ्यांकमा उल्लेख गरिएको छ। निश्चित स्टाटस नभएका विद्यार्थी तथा डिपेन्डेण्ट विदेशी नागरिकमध्ये काम गर्ने सबैभन्दा धेरै अर्थात् ३९.६ प्रतिशत नेपाली रहेका छन्।

जापानको श्रमबजारमा उलब्ध कामदारले मात्रै माग पूरा नहुने भएपछि त्यहाँको सरकारले विदेशी कामदार भित्र्याउने नीति लिएको छ। विदेशी कामदारको माग बढेका कारण जापानले विभिन्न मुलुकसँग श्रम सम्झौतासमेत गरेको छ। जापानले विभिन्न क्षेत्रमा काम गर्नेगरी स्पेसिफाइड स्किल्ड वर्कर (एसएसडब्ल्यू) प्रणालीमार्फत कामदार लैजान नेपालसँग पनि सन् २०१९ मा नै श्रम सम्झौता गरिसकेको छ। चरणबद्धरूपमा कामदार लैजाने बताइए पनि विभिन्न कारण देखाउँदै अझै पनि प्रक्रिया अघि बढ्न सकेको छैन।

## प्रगतिशील मञ्चको अध्यक्षमा रावल

**काठमाडौं (प्रस)–** नेकपा एमालेको शुभेच्छुक संस्था प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले नयाँ नेतृत्व पाएको छ। मञ्चको अध्यक्षमा जनक रावल सर्वसम्मत चयन भएका छन्।

मञ्चको अध्यक्ष रहेका राजेन्द्र भण्डारी वैदेशिक रोजगार व्यवसायी संघको अध्यक्षमा निर्वाचित भएपछि रावललाई अध्यक्ष चयन गरिएको हो। यसअघि रावल मञ्चको महासिचवको जिम्मेवारीमा थिए। अध्यक्ष रावल मञ्चको कार्यसमितिमा रहेर लामो अनुभव हासिल गरेका व्यक्ति हुन्। उनले मञ्चको सदस्यमा दुई कार्यकाल, उपाध्यक्षमा दुई कार्यकाल र महासचिवको जिम्मेवारी सम्हालिसकेका छन्।

यसैगरी मञ्चको महासचिवमा मिलन कट्टेललाई चयन गरिएको छ। यसअघि उपमहासचिवको भूमिकामा रहेका कट्टेललाई महासचिवको जिम्मेवारी दिइएको मञ्चले जनाएको छ। उनी संघको भर्खरै सम्पन्न निर्वाचनमा मञ्चको तर्फबाट महासचिवको उम्मेदवारी दिए पनि पराजित भएका थिए।

त्यस्तै मञ्चको सचिवको जिम्मेवारी सम्हाल्दै आएका राजेन्द्र अधिकारीलाई उपमहासचिवमा चयन गरिएको छ भने श्यामचन्द्र खतिवडालाई सचिवको जिम्मेवारी दिइएको छ। उल्लिखित पदहरूमा हेरफेर गरिए पनि अन्य पदाधिकारी तथा सदस्यहरूलाई यथावत् जिम्मेवारीमा राखिएको मञ्चले जनाएको छ। संघको निर्वाचनमा भण्डारी अध्यक्ष निर्वाचित भएलगत्तै मञ्चको नयाँ नेतृत्व चयनका लागि व्यवसायीहरूले आवाज उठाउँदै आएका थिए।

## रोजगार कार्यालय ताहाचलका प्रमुखसँग भेट

**काठमाडौं (प्रस)-** नेपाल वैदेशिक रोजगार व्यवसायी संघका नवनिर्वाचित कार्यसमितिले मंगलबार वैदेशिक रोजगार कार्यालय ताहाचलका प्रमुख केशवप्रसाद विमलीसँग भेट गरेको छ।

संघका अध्यक्ष राजेन्द्र भण्डारी नेतृत्वको टोलीले कार्यालय प्रमुख विमलीसँग परिचयात्मक तथा अन्तर्क्रिया गरेको संघका महासचिव मेघनाथ भुर्तेलले जानकारी दिए।

उक्त भेटमा कार्यालयबाट प्राप्त गर्ने सेवामा व्यवसायी र कामदारले बेहोर्दै आएको समस्याबारे संघले जानकारी गराएको थियो। ती समस्या सम्बोधन गर्न आफू तयार रहेको कार्यालय प्रमुख विमलीले बताएका थिए। कार्यालयबाट प्रवाह गरिने सेवालाई सहज बनाउने र यसका लागि संघसँग सहकार्य गर्ने प्रतिबद्धतासमेत कार्यालय प्रमुख विमलीले जनाएको महासचिव भुर्तेलले बताए।




## सरकार र यातायात...

पृष्ठ १ बाट जारी

बनेका छन् ।

मोबाइल व्यवसायीले करिब १० करोड रूपैयाँ बराबरको मोबाइल चोरी भएको दाबी गरेको छ । ल्होत्से मलले पनि तोडफोडबाट करोडौंको क्षति भएको जनाएको छ । व्यवसायीले क्षतिको जिम्मेवारी सरकारले लिनुपर्ने भन्दै क्षतिपूर्ति माग गरेका छन् । सरकारले सुरक्षा दिन नसकेको उनीहरूको भनाइ छ ।

यसैबीच मोबाइल चोरीमा संलग्न चार जनालाई पक्राउ गरिएको प्रहरीले जानकारी दिएको छ । उनीहरूलाई मोबाइल चोरी गर्ने क्रममा ल्होत्से मलका सुरक्षा गार्डले नियन्त्रणमा लिएका थिए । पक्राउ परेका चार जनालाई प्रहरी वृत्त महाराजगञ्जले हिरासतमा राखेर अनुसन्धान गरिरहेको जनाएको छ ।

सोमबारको घटनालाई लिएर बालाजुका प्रहरी प्रमुख डिएसपी रविन विष्ट उपत्यका प्रहरी कार्यालय रानीपोखरी तानिएका छन् । मोबाइल पसलमा भएको चोरीबारे अनुसन्धान गर्न गृह मन्त्रालयले प्रहरी महानिरीक्षक (आइजिपी) धिरजप्रताप सिंहलाई मंगलबार निर्देशन दिएको थियो । सोही निर्देशनअनुसार उपत्यका अपराध अनुसन्धान कार्यालयले छानबिन थालेको जनाएको छ। सामाजिक सञ्जालमा आएका तथा सिसिटिभीबाट प्राप्त भिडियो फुटेजहरूको आधारमा चोरीमा संलग्नहरूको खोजी गरिरहेको प्रहरीको भनाइ छ ।

ट्राफिक प्रहरीले सवारीसाधन कारबाही गरेबापत लिने शुल्क बढाएको र बसपार्कभित्र मात्रै पार्किङ गर्नुपर्ने नियम लागू गरेको भन्दै यातायात मजदुरहरू प्रदर्शनमा उत्रिएका थिए । सवारी जरिवानाबापत ट्राफिक प्रहरीले लिँदै आएको चर्को शुल्क खारेज गर्नुपर्ने, निलम्बित लाइसेन्स फुकुवा गर्नुपर्ने, भौतिक पूर्वाधार पार्किङ 'पिक एण्ड ड्रप'को व्यवस्था गर्नुपर्नेलगायत उनीहरूको माग छ । नेपाल यातायात मजदुर संघ, अखिल नेपाल यातायात मजदुर संघ, नेपाल यातायात स्वतन्त्र मजदुर संगठनलगायतको नेतृत्वमा यातायात मजदुरहरू प्रदर्शनमा उत्रिएका थिए। उनीहरूले सोमबार दिउँसोदेखि नयाँ बसपार्क, माछापोखरी, बालाजुलगायतका स्थानमा सार्वजनिक बस बाटोमा तेर्स्याएर प्रदर्शन गरेका थिए । मजदुरको प्रदर्शनमा यातायात व्यवसायीहरूको समर्थन थियो ।

यातायात मजदुरहरूले मंगलबार काठमाडौं उपत्यकामा चल्ने सार्वजनिक सवारी बन्द गरेको थियो । बिहानैदेखि सार्वजनिक सवारी नचल्दा सर्वसाधारणले सास्ती बेहोर्नुपरेको थियो । सरकारसँगको वार्तामा सहमति जुटेपछि भने सवारीसाधन आंशिकरूपमा सञ्चालनमा आएको थियो ।

## तीन बुँदे...

पृष्ठ १ बाट जारी

त्यसपछि आन्दोलनरत महिलाहरू र सरकारबीच तीन बुँदे सहमति भएको हो ।

'प्रधानमन्त्रीज्यूले घटनाबारे गहिरो अनुसन्धान हुन्छ भनेर हामीलाई आश्वास्त पार्नुभयो । पहिलेजस्तो त नहोला,' अधिकारकर्मी रूबी खानले भनिन्, 'यदि धोका भयो भने न न्यायका निम्ति आन्दोलन फेरि हुन्छ ।'

आन्दोलनकारीहरूको मागअनुसार न्यायिक जाँचबुझ आयोग गठन गर्ने सहमति भने भएन । त्यसलाई यथावत् राख्ने सहमतिपत्रमा उल्लेख छ । आन्दोलनरत पक्षलाई घटनाका आरोपी पक्षबाट सुरक्षा चुनौती बढेको र उनीहरूको जिउज्यानको सुरक्षाका लागि सुरक्षा संयन्त्रहरूले उचित समन्वय र प्रबन्ध गर्ने पनि सहमतिपत्रमा उल्लेख छ ।

### MARRIAGE AFFIRMATION

I Suresh Nirwan 44yrs/M Son of Banwari Lal Nirwan having date and place of birth 12th DEC 1978 permanent residency at P No.6, PILLI Kothi Area, Khetari House, Outside Chand Pole Bazar, distt. Jaipur Rajasthan India and holding passport no Z468223 Indian passport issued by Jaipur passport office (Rajasthan) India. I do hereby affirm and declare that I got married to Ms. Sonu KC 44 yrs/F daughter of Beer Bhadur Kc having date and place of birth 09th March 1978, Orang, Ward no-9, Dolkha, Charikot Nepal and holding a Nepalese passport no. is 08958359, issued on 3rd July 2015 and Citizenship No. 450-3445 issued by Nepal Government having permanent address Orang, Ward no-9, Dolkha, Charikot Nepal.

The marriage ceremony took place according to our traditional ritual on 5th Oct 2005 at GA Party hall Bhagwatibahal, Thamel Kathmandu Nepal, We are both are aware that there are no lawful impediments to this marriage. Should there be any additional Information pertaining to this, Kindly direct the same to the following address

Shakti Singh, Contact No.: 9813977973

### काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति :२०७९/११/०३**

श्री दैलेढुङ्गा सामुदायिक बन उपभोक्ता समुहको बनबाट उत्पादन भई बंगलाचुली ८ लाटाचौर दाङमा घाटगद्दी गरी राखिएको काठ बिभिन्न जातको ४१५७.६८ क्यू.फि. तथा साल दाउरा ८.०० चट्टा र अन्य दाउरा २.०० चट्टा जे जस्तो अवस्थामा छ सोही अबस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ सस्था, फर्म वा कम्पनिले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद तथा दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि बिस्तृत जानाकारीको लागि यस सामुदायिक बन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण ब्यहोराको सुचना यस सामुदायिक बन उपभोक्ता समुहको कार्यालयको सुचना पाटीमा, बन निर्देशनालय भैरहवामा डिभिजन बन कार्यालयमा घोराही दाङमा र दाङ जिल्ला स्थित अन्य कार्यालयहरूमा समेत टाँस गरिने छ ।

**श्री दैलेढुङ्गा सामुदायिक बन उपभोक्ता समुह**
**बंगलाचुली गा.पा. वडा नं ८ दाङ**

### डिभिजन वन कार्यालय ललितपुरको
### काठ, दाउरा लिलाम विक्री सम्बन्धी दोस्रो पटक सूचना

**दोस्रो पटक प्रकाशित मिति २०७९।११।०३ गते**

राष्ट्रिय वनस्पति उद्यान, गोदावारीको क्षेत्र भित्र नियमानुसार कटान भई उत्पादन भएका उत्तिस तथा खोटे सल्ला जातका दुई बटा लटका थान २८५ परिमाण ३१०५.७ क्यू फिटका काठ र २.२५ चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी शिलबन्दी बोलपत्रवाट लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई सूचिकृत उद्योगले यो सूचना प्रकाशित मितिले २१ दिन भित्रमा बोलपत्र फारम डि.व.का, ललितपुरबाट खरिद गरी यसै कार्यालयमा २२ औं दिन दिउसो १:०० बजेभित्र शिलबन्दी वोलपत्र दाखिला गर्न सूचित गरिन्छ । बिस्तृत सूचना र थप जानकारीको लागि कार्यालयमा सम्पर्क राख्नु हुन समेत सूचित गरिन्छ ।

## कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : MOHAMMAD MAHEDI HOSPITALITY SERVICE**

पूर्व स्वीकृति मिति २०७९/११/०२ LT. No. 281054 चलानी नं. ६०१९६४६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Supervisor | 1 | 0 | 2500 | ९०,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Marketing Manager | 2 | 0 | 3000 | १०८,७४५ | | | | | | | |
| 3 | Gen Clean Worker | 2 | 0 | 1000 | ३६,२५० | | | | | | | |
| 4 | Salesman | 1 | 0 | 1500 | ५४,३७५ | | | | | | | |
| 5 | Foreman | 1 | 0 | 2500 | ९०,६२० | | | | | | | |
| 6 | Representative | 1 | 0 | 2200 | ७९,७४५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १० गते (22nd Feb. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**LEADER OVERSEAS PVT.LTD.**
Govt. License 1408/074/75
Samakhusi-26, Kathmandu, BAGMATI
Ph No.01-4950391,9746536116,9847990386,9841179700
Email :leaderoverseas2018@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : KAMEN STEEL INDUSTRIES SENDIRIAN BERHAD**

पूर्व स्वीकृति मिति २०७९/०४/१६ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/०२ LT. No. 268338 चलानी नं. ६०१८४२६८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 9 | 0 | 1500 | ४५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १० गते (22nd Feb. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MERIDIAN OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. ६१३/०६२/०६३
Basundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, Fax No: +977-1-4390465

## कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : LEADERSHIP SERVICES**

पूर्व स्वीकृति मिति : २०७९।११।०२ LT. No: 280872 चलानी नं.: ६०१९६५६४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 2000 | ७२,३०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | General Clean Worker | 2 | 0 | 1000 | ३६,१५० | | | | | | | |
| 3 | Typist | 2 | 0 | 1400 | ५०,६१० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १० गते (22nd Feb. 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GREEN HILL OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. 1536/078/79
Purano Baneshwor-9,Bijay Chowk, Kathmandu, BAGMATI
Tel: 01-5911860, 5911861, Phone: 9818863167, 9749419416
Email:greenhilloverseas5@gmail.com

## युएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : TAMOUH EMPLOYMENT LLC**

पूर्व स्वीकृति मिति : २०७९/०९/११ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/०२ LT. No 278240 चलानी नं. ६०१९३७५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 200 | 0 | 800 | २८,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १० गते (22nd Feb. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**HR International Pvt. Ltd.**
License No. : 1491/074/075
Maharajgunj, Kathmandu, Nepal, Tel : +977-01-4375699, 4375807,
Mob No. 9803033220, 9817946907, E-mail : hrinternational83@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : TASK FORCE SERVICES FOR OPERATIONS & MAINTENANCE**

पूर्व स्वीकृति मिति:२०७९/०८/१९ पुन विज्ञापन स्वीकृति मिति : २०७९/११/०२ LT. No.277176 चलानी नं. ६०१९२७७७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labour | 8 | 0 | 1000 | ३४,४८५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Driver | 3 | 0 | 1900 | ६५,५१५ | | | | | | | |

**कम्पनी : AL HAFASH EST FOR GANERAL CONTRACTING**

पूर्व स्वीकृति मिति:२०७९/०९/२९ पुन विज्ञापन स्वीकृति मिति : २०७९/११/०२ LT. No.279287 चलानी नं. ६०१९४९८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 8 | 0 | 2000 | ७०,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १० गते (22nd Feb. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Ishan Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ५३२/२०६१/०६२
Samakhusi , Kathmandu, Nepal, Tel: 01-4380272 / 4380273 Fax : +977-1-5547945, E-mail : maniishannepal@gmail.com

## शुक्लाफाँटा नगरपालिका
### नगरकार्यपालिकाको कार्यालय
### झलारी, कञ्चनपुर
### सुदूरपस्चिम प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सुचना प्रकाशित मिति २०७९/११/०३)**

यस कार्यालय को आ.व.२०७९/०८० अन्तर्गत तपसिल बमोजिमको खरिद कार्यका लागि मिति २०७९/०८/१५ गतेको राष्ट्रीय स्तर पत्रिकामा प्रकाशित सुची अनुसार न्युनतम मुल्यांकित सारभूत रूपमा प्रभावग्राही देखिन आएका बोलपत्र स्वीकृतका लागि छनौट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सोहि ऐनको दफा २७ को उपदफा (२) र (३) बमोजिम सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | खरिद कार्यको विवरण | छनौट भएका बोलपत्रदाताको विवरण | कबोल अंक (मु.अ.कर सहित) |
|---|---|---|---|---|
| १. | SMP/079-80/NCB/GO/14 | Supply and Delivery Of Truck/Tripper in Shuklaphanta Municipality | IME Mortors Pvt. Ltd,Panipokhari, Kathmandu | 42,34,998.18 |
| २. | SMP/079-80/NCB/GO/15 | Supply and Delivery Of Tractor with trolley,wáter tanker and suction pump attachment in Shuklaphanta Municipality | Option Nepal Pvt.Ltd, Mahendranagar, Kanchanpur | 26,26,999.99 |

## युएई/कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : FEB TECH GLASS WORKS LLC**

पुर्व स्वीकृति मिति २०७९/११/०२ LT. No. :281060 चलानी नं.६०१९६५३०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Glass Cutter Operator | 10 | 0 | 1300 | ४६,८४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Glass Maker | 10 | 0 | 1200 | ४३,२४० | | | | | | | |
| 3 | Welder Assistant | 4 | 0 | 1200 | ४३,२४० | | | | | | | |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**कम्पनी : SKY ISLAND HEALTH INSTITUTE & SPA COMPANY**

पुर्व स्वीकृति मिति २०७९/११/०२ LT. No. :281038 चलानी नं.६०१९६५३१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SPA WORKER / MASSEUR | 25 | 0 | 130 | ५६,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १० गते (22nd Feb. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**APPOLO OVERSEAS SERVICES (P) LTD.**
G.P.O. Box: 25038, Samakhushi,Townplanning, KTM
Tel : +977-1-4363648, 4364403
Email: appolooverseas111@gmail.com
Govt. License 586/062/063
www.appolooverseas.com

## युएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : CARE PROFESSIONAL SERVICES**

पूर्व स्वीकृति मिति: २०७९/११/०२ LT. No. 280972 चलानी नं. ६०१९६५११

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Helper | 40 | 0 | 1000 | ३५,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason | 10 | 0 | 1100 | ३९,५२० | | | | | | | |
| 3 | Carpenter | 30 | 0 | 1100 | ३९,५२० | | | | | | | |
| 4 | Steel Fixer | 30 | 0 | 1100 | ३९,५२० | | | | | | | |
| 5 | Scaffolding | 30 | 0 | 1400 | ५०,३०० | | | | | | | |
| 6 | Agriculture Worker | 40 | 0 | 1000 | ३५,९३० | | | | | | | |
| 7 | Cleaner | 25 | 0 | 900 | ३२,३३५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १० गते (22nd Feb. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ALPHA SIGMA HUMAN RESOURCES MANAGEMENT PVT.LTD.**
श्रम ईजाजत नं. ६६९/०६३/०६४
Dhumbarahi, Kathmandu, Nepal Phone: +977-01-4415203, 4440815
Fax: +977-01-4440718 Email: info@ashrm.com.np
Website : www. ashrm.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : WISH HOST CONTRACTING & FACILITIES MANAGEMENT**

पूर्व स्वीकृति मिति २०७९/०९/१९ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/०२ LT. No. : 278786 चलानी नं. ६०१९४३७५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant | 1 | 0 | 2200 | ७९,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Supervisor | 1 | 0 | 2500 | ९०,७३० | | | | | | | |
| 3 | Driver | 1 | 0 | 1900 | ६८,९५५ | | | | | | | |
| 4 | Admin. Director | 1 | 0 | 5700 | २०६,६८० | | | | | | | |
| 5 | Accountant | 2 | 0 | 3600 | १३०,६५० | | | | | | | |
| 6 | Marketing Manager | 1 | 0 | 5700 | २०६,६८० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १० गते (22nd Feb. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**JBR Associates Pvt. Ltd.**
श्रम ईजाजत नं. ५१०/०६१/०६२
Kalimatidol, Sinamangal, Ktm, Nepal, Phone No.: +977 1 4478614, 4478115,
Mob No : 9801017866, 9841268351, 9813775981 Pokhara : 9856027539, 9856028841
E-mail : info@jbrassociate.com , Website : www.jbrassociate.com

# 'ग्रेडिङ सिस्टम'मा सवारी लाइसेन्स दिन सुरु

## प्रयोगात्मक परीक्षामा ७० अंक ल्याए पास हुने

■ प्रभाव संवाददाता

**भक्तपुर-** बागमती प्रदेशमा मंगलबारदेखि सवारी अनुमतिपत्र (लाइसेन्स) परीक्षामा 'ग्रेडिङ सिस्टम' लागू भएको छ । प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालयले मंगलबारदेखि प्रदेशका सम्पूर्ण यातायात सेवा कार्यालयमा पहिलोपटक प्रयोगात्मक परीक्षा (ट्रायल)मा ७० अंक ल्याए पास हुनेगरी ग्रेडिङ सिस्टम कार्यान्वयनमा ल्याएको हो ।

बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले भक्तपुरको मध्यपुरथिमि राधेराधेस्थित इजि वे ट्रायल सेन्टरमा उद्घाटन गरे । कार्यक्रममा उनले मंगलबारदेखि लागू भएको नयाँ व्यवस्था सहज कार्यान्वयनका लागि सबैलाई सहयोग गरिदिन आग्रह गरे ।

उनले लागू भएको नयाँ निर्देशिका र प्रणालीमा केही असन्तुष्टि रहेमा वा प्रणालीमा समस्या देखिएमा त्यसलाई सच्याएर जान सकिने बताए । कर्मचारीलाई उनले सहज र निष्पक्षरूपमा सेवाग्राहीलाई सेवा दिन निर्देशन दिँदै कर्मचारीका कारण गुनासो सुन्नुपर्ने अवस्था नआउनेगरी काम गर्न निर्देशन दिए ।

कार्यक्रममा बागमती प्रदेशका मुख्यसचिव मुकुन्दप्रसाद निरौलाले बागमती प्रदेशमा फागुन १ गतेदेखि ७० अंक ल्याए सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षा अर्थात् 'ट्रायल पास' हुने प्रणाली लागू गर्ने भनिए पनि दुई दिन सार्वजनिक बिदा परेकाले मंगलबार उद्घाटन गरी व्यवस्था लागू गरिएको बताए । यो प्रणालीले सवारी चालक अनुमतिपत्र लिन सेवाग्राहीलाई सहज हुने उनले विश्वास व्यक्त गरे ।

यसअघिको सरकारको श्रम, रोजगार तथा यातायात मन्त्रालयले यो व्यवस्था लागू गर्न खोजे पनि तत्कालीन मुख्यमन्त्री राजेन्द्र पाण्डेले हस्तक्षेप गरी लागू नगर्न परिपत्र गरेपछि तीन पटकसम्म यो व्यवस्था लागू गर्न रोकिएको यातायात व्यवस्था विभागका कर्मचारीले बताएका छन् । गत पुस २० गतेबाट लागू हुने तयारीमा रहेको यो प्रणाली कार्यान्वयन नगर्न मुख्यमन्त्री कार्यालयले यातायात मन्त्रालयलाई पत्राचार गरेर रोक लगाएको ती कर्मचारीले बताए । यसअघि असोज २ गते र मंसिर १८ गतेदेखि उक्त प्रणाली लागू गर्ने भनिएपछि मुख्यमन्त्री पाण्डेकै निर्देशनमा रोकिएको थियो ।

मन्त्रालयले मोटरसाइकल, स्कुटर तथा मोपेडका लागि कूल अंकभार १०० तोकेको छ । यसमा ७० अंक प्राप्त गर्ने प्रशिक्षार्थी अनुमतिपत्रका लागि योग्य मानिने व्यवस्था गरिएको छ । सवारी चालक अनुमति परीक्षा सञ्चालन निर्देशिका २०७७ निर्देशिकाअनुसार मोटरसाइकल, स्कुटर र मोपेड चालकका लागि घुमाउरो आठ (एट आकार)को अंकभार २० तोकिएको छ । दुईपटकसम्म अंकित रेखा छोएमा प्रत्येक पटक पाँच अंकको दरले १० अंकभार घट्नेछ तर, पनि ट्रायल भने फेल भइँदैन ।

यस्तै दुई पटकभन्दा बढी उक्त रेखा छोएमा, सवारीको टायर अंकित रेखाभन्दा बाहिर गएमा, एकपटकभन्दा धेरैपटक खुट्टाले भुइँ टेके, ठीक दिशाबाट वा ठीक तरिकाबाट आठ आकार नबनाए वा सवारीको स्टार्ट बन्द भएको अवस्थामा भने अनुत्तीर्ण भएको घोषणा गरिने व्यवस्था छ ।

यसैगरी साँघुरो फलेकको अंकभार १० तोकिएको छ । साँघुरो फलेकमा खुट्टाले भुइँमा टेकेमा, फलेकको लम्बाइ पार गर्नुअगावै फलेकबाहिर निस्के पनि अनुत्तीर्ण हुने छन् । निर्देशिकामा यु-टर्नको अंकभार १० तोकिएको छ । टर्निङ लाइट नबालेको खण्डमा १० अंक घटाइनेछ । त्यस्तो अवस्थामा पनि अंकित रेखा छोए भने अनुत्तीर्ण हुने छन् ।

ट्राफिक संकेतका लागि १५ अंकभार तोकिएको छ । ट्राफिक संकेत पालना नगरेको खण्डमा १५ अंक घटाइनेछ । निर्देशिकामा उबडखाबडको अंकभार १५ तोकिएको छ । एकपटकसम्म सवारीको स्टार्ट बन्द भएको खण्डमा पाँच अंकभार घटाइनेछ । एकपटकभन्दा बढी स्टार्ट बन्द भयो भने प्रयोगात्मक परीक्षा दिने अनुत्तीर्ण हुने छन् । उकालो (र्‍याप) को अंकभार २० तोकिएको छ । त्यसैगरी परीक्षार्थीको व्यवहारगत पक्षको समग्र मूल्यांकनलाई १० अंकभार तोकिएको छ ।

यस्तै कार, जिप, डेलिभरी भ्यानको प्रयोगात्मक परीक्षाको कूल अंकभार १०० तोकिएको छ । यसमा ७० प्रतिशत ल्याएको खण्डमा प्रशिक्षार्थी उत्तीर्ण भएको मानिनेछ । निर्देशिकाअनुसार कार, जिप, डेलिभरी भ्यानको प्रयोगात्मक परीक्षामा घुमाउरो आठ (एट)को अंकभार २० तोकिएको छ । दुईपटकसम्म अंकित रेखा छोए प्रत्येक पटक पाँच अंकका दरले १० अंकभार घट्नेछ तर ट्रायल फेल भइँदैन ।

दुई पटकभन्दा बढी अंकित रेखा छोए, सवारीको टायर अंकित रेखाभन्दा बाहिर गए, ठीक दिशाबाट वा ठीक तरिकाबाट आठ आकार नबनाएमा वा सवारीको स्टार्ट बन्द भएको अवस्थामा भने अनुत्तीर्ण हुने व्यवस्था गरिएको छ । निर्देशिकामा ट्राफिक संकेतको अंकभार १५ तोकिएको छ । पालना नगरे १५ अंक घट्ने प्रावधान राखिएको छ ।

त्यसैगरी यु-टर्नको अंकभार १० तोकिएको छ । टर्निङ इन्डिकेटर लाइट नबालेको खण्डमा १० अंकभार घटाइनेछ । अंकित रेखा छोएको खण्डमा भने प्रशिक्षार्थी अनुत्तीर्ण हुने छन् । चारपांग्रे सवारी चालकलाई र्‍याम (उकालो)का लागि अंकभार १५ तोकिएको छ ।

तोकिएको रेखा नाघी सवारी रोकेमा वा सवारी अगाडि बढेमा, रोकिएको अवस्थामा सवारीसाधन अगाडि बढाउँदा सवारीको पछाडिको टायर छ इन्चभन्दा पछाडि सरेमा, उकालो पार गरी ओरालोबाट झर्ने क्रममा तोकिएको सीमा नाघी सवारी रोकेमा वा एकपटकभन्दा धेरै सवारी स्टार्ट बन्द भएमा अनुत्तीर्ण हुनेछ । 'ग्यारेज पार्किङ'को अंकभार १० तोकिएको छ । त्यसैगरी परीक्षार्थीको व्यवहारगत पक्षको समग्र मूल्यांकनलाई १० अंकभार तोकिएको छ ।

### मोटरसाइकल हराएको सूचना

मिति २०७९/०९/२७ गते निम्न विवरणको APACHE RTR-200 Model को मोटरसाइकल बालकोटबाट हराएको हुँदा देख्नुहुने महानुभावले तुरुन्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

धनीको नाम :श्री दिब्यश्वरी अटो इन्टरप्राईजेज
ऋणीको नाम: मुना थापा
बाइक नं. : BA 78 PA 4068
च्यासिस नं.:MD637AR17G2G05590
इन्जिन नं. : ORIGG2005182
ठेगाना : सुर्यविनायक, भक्तपुर
मो. : 9841902729

### अनलाइन पत्रिका बन्द हुने सूचना

सूचना प्रकाशित मिति २०७९।११।०३

यस puraisamachar.com नामक अनलाइन पत्रिका पछि कुनै दायित्व बाँकी नरहने गरी बन्द गर्न लागिएको हुँदा तत्सम्बन्धमा कोही कसैको केही लेनदेन बाँकी बक्यौता भएमा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा सम्पर्क गरी हिसाव मिलान गर्नुहुन अनुरोध गर्दछौं ।

www.puraisamachar.com परिवार

### Punarbas Municipality Office

Of The Municipal Executive
Sudurpaschim Provience, Kanchanpur

**Invitation for Bids**

Contract Identification No: PUN/MUN/Medicine/079/080-02

Date of publication: 15th Feb, 2023 (2079/11/03)

1. Punarbas Municipality Office invites Sealed Quotation from eligible bidders for the Procurement of Medicine and Surgical Items of as mentioned in table below under Sealed Quotation procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Punarbas Municipality, Office of The Municipal Executive, Punarbas, Kanchanpur or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

| S.N. | Contract ID | Description | Estimated amount (without VAT & PS) | Bid Validity Period | Price for Tender document |
|---|---|---|---|---|---|
| 1. | PUN/MUN/ Medicine/ 079/080-02 | Procurement of Medicine and Surgical Items, Punarbas Municipality, Kanchanpur. | 36,05,548/- | 45 days | 1000/- |

Chief
Administrative Officer


## कतारमा रोजगार

ARAB UNITED CONSTRUCTION W.L.L., DOHA पुन: विज्ञापन
पुर्व स्विकृति मिति: २०७८।१०।२० चलानी नं. ६०१७३८८८ LT No. 257180

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | N. Rs. | ओभर टाईम सूबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सूबिधा | बस्ने सूबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 2 | काममा दक्ष | 1000 | 36354 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

अन्तरवार्ता: मेनपावर कार्यालय, काठमाडौंमा: २०७९ फागुन १० गते (22 February 2023) हुनेछ।

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अधि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला ।

लागत खर्च: नि:शुल्क

TALENT OVERSEAS SERVICE PVT. LTD.
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph: 5915744



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SPARKLING SPONGE CLEANING SERVICES CO
पूर्व स्वीकृति मिति : २०७९/१०/२९ LT. No. 280964 चलानी नं.६०१९६५३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER | 0 | 4 | 110 | ४७,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ फागुन १० गते (22nd Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Aarambha H R Services Pvt.Ltd
Govt.Lic. No. 1241/074/075
Basundhara-03, Kathmandu, Nepal Tel : +977-1-5905046/5905044
